जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २१३ पृष्ठः ४ | २०८२ मंसिर २९ सोमबार (Monday 15 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# मिर्चैया उद्योग वाणिज्य संघको अध्यक्षमा महासेठ निर्वाचित
## वरिष्ठ उपाध्यक्षमा निकटतम् प्रतिद्वन्द्वी प्यानलका उम्मेदवार निर्वाचित



**विनय अजाद**

सिरहा, २८ मंसिर। रामनगर मिर्चैया उद्योग वाणिज्य संघको अध्यक्षमा भरत महासेठ निर्वाचित भएका छन्। महासेठले ७ सय ३६ मत ल्याएर जित हासिल गरेको निर्वाचन अधिकृत प्रशान्त साहले जानकारी दिए। उनका निकटतम् प्रतिद्वन्द्वी राजकुमार साह ५ सय ४४ मत प्राप्त गरी दोस्रो भए। यस्तै, अध्यक्षका अर्का उम्मेदवार हरिकिशोर महतोले ५ सय ६ मत प्राप्त गरेको निर्वाचन अधिकृत साहले बताए। संघको वरिष्ठ उपाध्यक्षमा भने निकटतम् प्रतिद्वन्द्वी प्यानलका देवकृष्ण साह विजय भएका छन्। साहले ६ सय ५७ मत प्राप्त गर्दा प्रतिस्पर्धी अरुणकुमार सिंहले ६ सय १२ मत पाए। हरिकिशोर प्यानलका प्रमोद साहले भने ५ सय ३ मत प्राप्त गरे।

यगैगरी, प्रथम उपाध्यक्षमा दिनेश साह, उपाध्यक्षमा शम्भू साह, महासचिवमा राकेश साह, कोषाध्यक्षमा वीरेन्द्र साह, सचिवमा जितेन्द्र साह निर्वाचित भएका छन्। निर्वाचन अधिकृत साहका अनुसार, सदस्यहरूमा मनोज साह, मखवुल मन्सुरी, जोगिन्द्र सुडी, आनन्द सिंह, राधिका श्रेष्ठ, रामभरोष यादव, मनोज साह र गंगा साह सुडी निर्वाचित भए। अध्यक्ष चुनिएका महासेठ यसअघिको हरिशंकर साह नेतृत्वको संघको कार्यसमितिमा सचिव थिए। महासेठको प्यानललाई नेपाली कम्युनिष्ट पार्टी र जनमत पार्टीको समर्थन थियो। यस्तै, राजकुमार साहको प्यानललाई कांग्रेस, एमाले, जसपा नेपाल र राप्रपा गरी चार दलको समर्थन थियो। हरिकिशोर महतो नेतृत्वको प्यानल भने स्वतन्त्र चुनाव लडेको थियो।

# उम्मेदवार सिफारिसपछि सिरहा कांग्रेसमा किचलो



**मणिलाल विश्वकर्मा**

लहान, २८ मंसिर। आगामी २१ फागुनका लागि तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा क्षेत्रीय कार्यसमितिले सर्वसम्मत रूपमा सिफारिस गरेका उम्मेदवारहरूको नामावलीमा जिल्ला समितिले प्रतिशोधपूर्ण ढंगले फेरबदल गरेको भन्दै किचलो सुरु भएको छ। नेपाली कांग्रेस सिराहाको जिल्ला कार्यसमितिका सचिव शैलेन्द्र यादवसहितको उपस्थितिमा आइतबार दिउँसो लहानमा आयोजित पत्रकार सम्मेलनमा क्षेत्रीय कार्यसमितिबाट सिफारिस भई आएका उम्मेदवारको नाम जिल्लाले अनुमोदन गरी प्रदेश र केन्द्रीय कार्यसमितिलाई पठाएको भनिएको सूची सार्वजनिक गरिएको छ। जिल्लाले प्रदेश र केन्द्रलाई प्रतिनिधिसभाको प्रत्यक्षतर्फ चारवटा निर्वाचन क्षेत्रका लागि आठजना, समानुपातिकतर्फ १५ तथा राष्ट्रिय

**–बाँकी तीन पेजमा**


## चिसो मौसममा सुरक्षित रहौं।

**चिसो मौसममाः**

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिँडडुल (मर्निङ्ग वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, स्वस्थ रहौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


प्रथम गोलबजार नगरस्तरीय बिद्यालय फुटबल प्रतियोगिता :

# सृजना स्कूल र बालविकास सेविफाईनल प्रवेश



गोलबजार, २८ मंसिर। गोलबजार स्पोर्ट्स क्लवद्वारा आयोजित 'प्रथम गोलबजार नगर स्तरीय बिद्यालय फुटबल प्रतियोगिता २०८२' को आज सातौं र आठौं खेल सम्पन्न भएको छ। माउन्ट एभरेस्ट स्कुल गोलबजार ४ का संस्थापक प्रिन्सिपल मनोज कुमार यादव र जनता मावि गोलबजार ९ डण्डाका सह प्रधानाध्यापक प्रमोद महतोले सयुक्त रुपमा निर्णायकलाई बल हस्तान्तरण गरि सुरुवात भएको प्रतियोगिताको सातौं खेलमा सृजना सेकेन्डरी इङ्गलिस बोर्डिङ स्कुल गोलबजार ६ विजयी भएको छ।

प्रतियोगिता कै बलियो मानिएको टिम नेचुरल एकेडेमी गोलबजार ४ लाई ३–१ गोल अन्तरले पराजित गर्दै सृजना स्कुल सेमिफाइनलमा प्रवेश गरेको हो। यस खेलको म्यान अफ दि म्याचको पुरस्कार सृजनाका जर्सी नम्वर १० का नारायण थापा मगरले जिते। उनलाई नेचुरलका प्रधानध्यापक रामकुमार यादवले पुरस्कार प्रदान गरेका थिए। प्रतियोगिताको आठौं खेल बालबिकास आवासीय बिद्यालय गोलबजार ७ का निर्देशक जीवन यादव र सरस्वती माविका प्रदधानाध्यापक अरुण साहबाट रेफ्रिलाई फुटबल हस्तान्तरण गरि खेलको सुरुवात भएको भएको थियो। बालबिकास आवासीय बिद्यालय गोलबजार ७ र शारदा स्कुल गोलबजार ४ बिच भएको खेलमा बालविकासले सारदा स्कुललाई ५–१ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गर्यो। आठौं खेलको म्यान अफ दि

**–बाँकी तीन पेजमा**





GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## किन हुन सक्तैन राष्ट्रिय खेलकुद प्रतियोगिता ?

नेपाल प्रिमियर लिग (एनपीएल)को शनिवार भएको फाइनल खेलमा लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्सलाई हरायो। सुदूरपश्चिम रोयल्स एनपीएलको पहिले संस्करणमा पनि दोस्रो स्थानमा नै रहेको थियो। एनपीएलको सफलताले नेपालीहरू खेल्नका साथै खेल प्रतियोगिता आयोजना र व्यवस्थापन गर्न सक्षम रहेको सन्देश दिएको छ। आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, वातावरणीय सबै क्षेत्रमा निराशामात्र देखिएको बेलामा एनपीएलको सफलताले खेलप्रेमीहरूका साथै समाजलाई नै उत्साहित बनाएको हुनुपर्छ। कम्तीमा सन्तोषको सास फेर्ने मौका दिएको छ। एनपीएलमा निजी क्षेत्रको सहभागिता, दर्शकको भिड र प्रसारण व्यवस्थापनले पनि नेपालमा खेलकुदको भविष्य उज्यालो देखायो।

विडम्बना, यही उत्साहका बीच एउटा गम्भीर प्रश्नले नेपाली खेलकुद प्रेमीलाई चिन्तित बनाएको छ। गैरसरकारी आयोजनामा हुने प्रतियोगिता यति भव्य र समयबद्धरूपमा हुनसक्छ भने राज्यको ढुकुटी खर्च गरेर हुने राष्ट्रिय खेलकुद प्रतियोगिता भने किन सधैँ विवाद, ढिलासुस्ती र भ्रष्टाचारको पर्याय बन्न पुग्छ? नेपालमा राष्ट्रिय खेलकुद प्रतियोगिताहरूको नियति प्रायः दुःखद रहेको छ। कहिले पूर्वाधार निर्माणमा समस्या हुन्छ र प्रतियोगिता सर्छन् भने कहिले प्रशासनिक कमजोरीका कारण बजेट नै फ्रिज हुनपुग्छ। खेलाडीका लागि किनिने पोसाकदेखि खानपान, प्रशिक्षणलगायत क्रियाकलापमा समेत आर्थिक अनियमितता सामान्य हुने गरेको छ।

यथार्थमा राष्ट्रिय खेलकुद परिषद् ९राखेप० स्थापना कालदेखि नै सत्तारुढहरूको ध्रुहतियारु धेरै बन्यो। यद्यपि, प्रारम्भिक समयमा नेपालमा खेलकुदको विकासमा परिषद्को योगदान र भूमिका रहेको छ। तर, समग्रमा परिषद् खेलकुद विकासमा सहयोगी बन्यो कि बाधक भन्ने विषयमा गम्भीर अध्ययन हुनु जरुरी छ। पञ्चायतकालको नियन्त्रित शासनमा परिषद्को भूमिका अपेक्षाकृत प्रभावकारी थियो। राजाका निकट व्यक्तिहरू परिषद्मा रहेकाले सरकारी संयन्त्रलाई सहजै परिचालन पनि हुन्थे। परिषद्भित्रका बदमासी र विकृतिको गाइँगुइँ चले पनि खुलेर बाहिर आउँदैन थियो। यसैले प्रतियोगिताहरू अपेक्षाकृत सहजरूपमा सञ्चालन हुन्थे।

लोकतन्त्रको पुनःस्थापनापछि परिषद्को संरचना र भूमिकामा समय सापेक्ष सुधार भएन। पञ्चायतकै शैली र संस्कार अपनाइयो। लोकतान्त्रिक शासन प्रणालीमा राज्यका सबै अङ्गको लोकतन्त्रीकरण गरिनुपर्ने यथार्थ राजनीतिक नेतृत्वले आत्मसात् गरेन। सम्भवतः खेलकुदको क्षेत्रमा अहिले देखिएको अस्तव्यस्तताको मूल कारण यही हो। हुन पनि आयोजक, खर्च गर्ने निकाय र अनुगमनकारी सबै भूमिका परिषद्मा केन्द्रित गर्दा राष्ट्रिय खेलकुद परिषद्ले कुनै काम पनि राम्ररी गरेन। यसै पनि यसरी स्वार्थ बझान भएपछि सरकारी संरचनामा संस्थागत भ्रष्टाचारले प्रश्रय पाउँछ। त्यसमाथि सरकारी मानसिकतामा कर्मचारी र राजनीतिक नियुक्तिका पदाधिकारीहरूको कार्यशैलीले परिषद् 'खेलकुद'भन्दा बढी 'चलखेल'को अखाडा बनेको देखिन्छ।

'सुशासनको आन्दोलन'का नाममा स्थापित सरकारको पनि ध्यान भने सुधारमा गएको देखिँदैन। यथार्थमा एपीएलको सफल व्यवस्थापनले देखाएको बाटो रोज्ने हो भने खेलकुद विकासमा उल्लेख्य सहयोग पुग्नसक्ने देखिन्छ। खेलकुदलाई प्रभावकारी बनाउन परिषद्को भूमिकामा आमूल परिवर्तन गरिनुपर्छ। परिषद् आफैँले मैदानमा झन्डा गाड्ने र सिट्ठी बजाउने होइन बरु सहजकर्ता र नियामकको भूमिका प्रभावकारीरूपमा पूरा गर्नसके खेलको विकासमा योगदान हुनसक्छ। व्यावसायिकता र जिम्मेवारीको विकेन्द्रीकरणबाट मात्रै खेलको क्षेत्रमा पनि प्रगति गर्न सकिनेछ।

राष्ट्रिय खेल प्रतियोगिताहरू विभिन्न खेलको प्रतियोगिता हो। यसैले सम्बन्धित खेल संघहरूलाई नै प्रतियोगिताको पूर्ण जिम्मेवारी सुम्पिएर र परिषद्ले खर्चको पारदर्शिता तथा नीतिगत निगरानी गर्ने हो भने अहिलेको भद्रगोल र अव्यवस्था धेरै हदसम्म अन्त्य हुने देखिन्छ। त्यस अवस्थामा परिषद्को भद्दा प्रशासनिक संरचना पनि चाहिनेछैन। सम्बन्धित संघहरूलाई स्वायत्त र जिम्मेवार बनाउँदा उनीहरूले आफ्नो खेलको स्तर सुधार्न निजी क्षेत्रसँग सहकार्य गर्न सक्छन्। यसबाट राज्यको आर्थिक भार कम त हुन्छ नै खेलकुदमा व्यावसायिकता पनि भित्रिन्छ। यत्ति हो यसका लागि खेल संघहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरी पारदर्शी बनाउनुपर्नेछ। एनपीएलको सफलताले देखाएको उत्साहलाई राष्ट्रिय खेलकुद प्रतियोगितासम्म लैजान ढिलो नगर्नु बुद्धिमानी हुनेछ। सरकार र परिषद्ले 'सबै आफैँले गर्ने' पुरातन सोच त्यागेर 'सबैलाई समेट्ने' र 'नतिजा खोज्ने' नीति अपनाउन्। खेलकुदलाई विकास र समृद्धिको माध्यम बनाउने हो भने यसलाई सरकारी नियन्त्रणबाट मुक्त गरी व्यावसायिक स्वायत्ततातर्फ लैजानै पर्छ। नेपाल प्रिमियर लिगका विजेता लुम्बिनी लायन्सलगायत सहभागी सबै टिमका साथै प्रतियोगिताको सफल आयोजक नेपाल क्रिकेट संघ (क्यान)लाई बधाई एवं शुभकामना ! निजी क्षेत्रका प्रायोजकहरूलाई खेलको विकासमा गरेको योगदानका निम्ति धन्यवाद !

# मधेसमा सत्ता राजनीतिको व्याकरण



**तुलानारायण साह र नित्यानन्द मण्डल**

जेनजी आन्दोलनयता जनकपुरको राजनीतिक बजार तातेको तात्यै छ। आन्दोलनताका मुख्यमन्त्री सतिश सिंहले फेसबुकमार्फत राजीनामा घोषणा गरेपछि सत्ता राजनीतिको पछिल्लो शृंखला सुरू भएको थियो। एउटा मुख्यमन्त्रीले कहिले राजीनामा दिने त, कहिले नदिने भन्दै सुरू भएको प्रहसनको दौडलाई अर्का मुख्यमन्त्रीले खुसुक्क नियुक्ति पत्र बुझेर र रातारात होटलमा शपथ ग्रहण गरेर राजनीतिको यो खेललाई नयाँ उचाइमा पुऱ्याएका थिए। मुख्यमन्त्रीको नियुक्ति विवाद सर्वोच्च अदालत पुग्दा त खेल झनै रोमाञ्चक मोडमा पुगेको थियो। संयोगले अहिले जनकपुरको राजनीति स्थिर हुन खोज्दैछ।

**मुख्यमन्त्री चयनमा अस्वाभाविकता**

सतिश सिंह जति अस्वाभाविक शैलीमा मुख्यमन्त्री बनेका थिए, उनको बहिर्गमन पनि त्यस्तै भयो। प्रदेशसभामा जनमत पार्टीका जम्मा १३ सांसद छन्। सुरूदेखि महेश यादव त्यस पार्टीका संसदीय दलका नेता हुन् तर मुख्यमन्त्री बन्ने सौभाग्य सतिश सिंहलाई प्राप्त भएको थियो। सतिश र महेश एउटै जिल्ला, एउटै सहर र एउटै प्रतिनिधि सभा निर्वाचन क्षेत्र (सप्तरी–२) अन्तर्गत प्रदेशसभामा निर्वाचित सांसद हुन्। यी दुवै युवा सांसदका नेता डा. सिके राउत हुन्। राउत उमेरमा उनीहरूका समकालीन भए पनि भौतिक र राजनीतिक कदमा तुलनात्मक रूपमा अग्ला छन्। मधेस प्रदेशसभामा सबभन्दा ठूलो दल नेकपा एमाले हो जोसँग सुरूमा २५ सांसद थिए। अहिले २४ जना छन्।

२२ सांसद भएको नेपाली कांग्रेस दोस्रो ठूलो दल हो। कुल १०७ सदस्यीय प्रदेशसभामा कांग्रेस र एमाले मिलेपछि बहुमत पुग्न केवल सात सिट अपुग हुन्छ। माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी, पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको माओवादी केन्द्र, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) मध्ये जसलाई मिलाए पनि सजिलै सरकार गठन हुन सक्थ्यो। तर तत्कालीन समयमा काठमाडौंमा फेरिएको सत्ता समीकरणका कारण जनकपुरका लागि एमालेको छनोट जनमत पार्टीमा परेको थियो। जनमत पार्टीभित्र सिके राउतको छनोटमा परेका थिए सतिश सिंह।

सतिश सिंह मुख्यमन्त्री बनेपछि सप्तरीदेखि काठमाडौंसम्मको चिया–चिन्तनमा अनेक अनुमान सुनिए। कसैले मधेसको राजनीतिमा बढ्दो जातीय ध्रुवीकरणमा जनमत पार्टीले फरक सन्देश दिन खोजेको अनुमान लगाउँथे। कसैले सिके राउतका दाजु जयकान्त राउतको विशेष निगाहका कारण यस्तो सम्भव भएको भन्थे। राजनीतिक बजारमा अनुमानका अनेक कथ्य थिए/छन् प्रमाणित तथ्य के हो भने, सतिश सिंह जनमत पार्टीका संसदीय दलका नेता नहुँदै त्यस पार्टीको सिफारिसमा मुख्यमन्त्री बनेका थिए। जेनजी विद्रोहताका जब उनले राजीनामा घोषणा गरे, धेरैलाई अचम्म लागेको थियो। लगत्तै जब उनी आफ्नो घोषणाबाट पछाडि फर्किन थाले, पार्टी पंक्तिमा आक्रोश पैदा भयो। राजनीतिक परिस्थिति यसरी विकसित हुँदै गयो कि जनमत पार्टी नै विभाजनको संघारमा पुग्यो। धेरै मेहनतपछि मात्र जनमतका नेताहरूले आफ्नै पार्टीका मुख्यमन्त्रीलाई राजीनामा गराउन सफल भए र जसोतसो पार्टीलाई पनि विभाजनबाट जोगाए।

मुख्यमन्त्रीको छनोटमा फेरि अर्को अस्वाभाविक खेल भयो। जम्मा आठ सिट भएको लोसपाका तर्फबाट जितेन्द्र सोनल मुख्यमन्त्री बने। उनी पनि लोसपाका संसदीय दलका नेता होइनन्। पार्टी सानो रहे पनि प्रदेशसभाभित्र लोसपाको राजनीति सबभन्दा जटिल छ। २०७९ सालमा प्रदेशसभाको निर्वाचन सम्पन्न भएपछि धेरै समयसम्म त्यहाँ संसदीय दलको नेता चयन भएकै थिएन। केही समयसम्म अभिराम शर्मा कि जितेन्द्र सोनलबीच विवाद चल्यो। अहिले जैनुल राइन संसदीय दलका नेता बनेका छन्। हालै मुख्यमन्त्री बन्ने पालो आउँदा जनमत पार्टी जस्तै लोसपाबाट पनि जितेन्द्र सोनलको नाम अगाडि सारियो। प्रदेशसभाभित्रका विभिन्न ६ दलको गठबन्धन बनेको थियो। त्यसमा लोसपा, जसपा, माओवादी केन्द्र, एकीकृत समाजवादी लगायत दल थिए। त्यसलाई कांग्रेस र एमालेबिनाको गठबन्धन नाम दिइएको थियो।

सुन्दै अस्वाभाविक लाग्ने, अन्य कारणले होइन, सदनभित्रको विद्यमान गणितका कारण। पहिलो र दोस्रो ठूलो दललाई बाहिर राखेर साना साना धेरै दललाई एक ठाउँमा ल्याएर बनेको त्यो गठबन्धन जति अस्वाभाविक थियो, त्यत्तिकै कमजोर र जोखिमपूर्ण पनि। आखिर त्यस्तै भयो। विश्वासको मत लिने बेलामा अस्वाभाविक खेल भयो। रहस्यमय शैलीमा माओवादीका दुई जना सांसदले सोनलको पक्षमा मत नदिने भन्न थाले। अन्ततः सोनलले राजीनामा दिनुपऱ्यो। त्यसपछि संविधानको धारा १६८ (३) अनुसार सबभन्दा ठूलो दलको हैसियतमा एमालेका सरोज यादव (महोत्तरी) मुख्यमन्त्री बने। उनको नियुक्तिमा पनि अनेक अस्वाभाविक शैली अपनाइयो। धारा १६८ (२) बाट मुख्यमन्त्री बन्न सक्ने प्रशस्त सम्भावना हुँदाहुँदै तत्कालीन प्रदेश प्रमुखले धारा १६८ (३) प्रयोग गरिन् र लुकेर नियुक्ति पत्र दिइन्। सरोज यादवको शपथ ग्रहण झनै विवादित भयो। तर विश्वासको मत नपाउने देखेपछि उनी पनि राजीनामा गर्न बाध्य भए।

अहिले पुराना ६ दल र कांग्रेससहितको सात दलको गठबन्धन बनेको छ। यो गठबन्धनको तर्फबाट कांग्रेसका कृष्ण यादव मुख्यमन्त्री बनेका छन्। प्रदेशसभाभित्र सबभन्दा ठूलो दल एमाले एकातर्फ र बाँकी दलहरू अर्कोतर्फ छन्। अहिले बनेको सत्ता गठबन्धन स्वाभाविक, बलियो र कम जोखिमयुक्त देखिन्छ।

**दुई महासचिवहरूको तर्क**

जनकपुरमा कांग्रेसको नेतृत्वमा सरकार बनेपछि नेकपा एमाले महासचिव शंकर पोखरेलले मधेसी दलहरूप्रति कटाक्ष गरेका छन्। मधेसमा मधेसी दलहरूको 'सिन्डिकेट' भत्किएको भन्दै फेसबुक पोस्टमार्फत उनले हर्ष व्यक्त गरे। पोखरेलको उक्त पोस्टको काउन्टरमा लोसपाका महासचिव सुरेन्द्र झाले प्रदेशमा कांग्रेस वा एमालेको नेतृत्वमा सरकार गठन हुनुलाई मधेस आन्दोलनको प्रतिष्ठासँग जोड्ने प्रयास गरेका छन्। जेनजी आन्दोलनपछि संघीय सरकारबाट बढारिएका पार्टीहरू मधेसमा सरकार गठन गर्ने हैसियतमा पुग्नु भनेको सम्पूर्ण मधेसी दललाई गिज्याएसरह रहेको झाको भनाइ छ।

प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा उल्लिखित दुवै महासचिवको टिप्पणी सुनेपछि भारतका प्रसिद्ध शायर राहत इन्दौरीको एक बहुचर्चित शायरी सम्झना हुन्छ। भारतका अधिकांश दलहरूमा एउटा मनोविज्ञान छ, पाकिस्तानको जति विरोध गऱ्यो, भारतभित्र त्यति लोकप्रिय भइन्छ। निर्वाचनमा पनि त्यति नै फाइदा हुन्छ। कतिपय निर्वाचनका बेला सत्ताधारी दलहरूले जबर्जस्ती पाकिस्तानसँग सीमा विवादका कुरा उठाउन खोज्छन्। सीमामा तनाव पैदा गर्न चाहन्छन्। त्यस्तै सन्दर्भमा एक पटक इन्दौरीले एउटा शायरी लेखेका थिए।

*सरहदों पर बहुत तनाव है क्या?*
*कुछ पता तो करो, चुनाव है क्या?*

शंकर पोखरेल र सुरेन्द्र झाका सार्वजनिक वक्तव्यहरूबाट लाग्छ, नेपालको राजनीतिमा कांग्रेस–एमाले र मधेस केन्द्रित दलहरूबीच निकै चर्को विवाद छ। एकअर्काबीच पानी बाराबारको स्थिति छ। २०७४ सालयताको सत्ता समीकरणको फेहरिस्त हेर्ने हो भने सत्ताको लाभ लिने सवालमा, व्यक्तिगत र पार्टीगत फाइदा लिने सवालमा सबै पार्टी र नेताहरूबीच घनिष्ठ सम्बन्ध रहँदै आएको बुझिन्छ। जसैजसै काठमाडौंमा सत्ता समीकरणमा हेरफेर हुन्छ, जनकपुरमा पनि त्यसको प्रभाव परिहाल्छ। काठमाडौंको सत्तामा मधेसी दलहरूले आफ्नो अनुकूलताका आधारमा कांग्रेस र एमाले वा माओवादीसँग पालैपालो गठबन्धन गर्दै आएका छन्। काठमाडौंमा मात्र होइन, जनकपुरमा पनि कांग्रेस, एमाले, माओवादीसँग जसपा, जनमत र लोसपाबीच बडो हिमचिमपूर्ण सम्बन्ध रहने गरेको विभिन्न समयमा बनेका गठबन्धनबाट प्रस्ट हुन्छ।

**सत्ता गठबन्धनको फेहरिस्त**

२०७२ सालमा नेपालको संविधान जारी हुँदा मधेसी दलहरू नाकाबन्दीसहित लामो आन्दोलनमा थिए। पूरै नेपाली समाज दुई ध्रुवमा विभाजित थियो। एउटा ध्रुवको निर्विवाद नेता एमाले अध्यक्ष केपी शर्मा ओली थिए। मधेसमा आन्दोलनकारी दलहरूको लोकप्रियता बढेको थियो। २०७४ सालमा प्रतिनिधिसभासँगै पहिलो पटक प्रदेशसभाको निर्वाचन भएको थियो। त्यस निर्वाचनमा दलहरूबीच दुई फरक गठबन्धन बनेका थिए। देशभर नेकपा एमाले र माओवादीबीच गठबन्धन भएको थियो भने मधेसमा उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम (ससफो) र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टी (राजपा) बीच गठबन्धन बनेको थियो।

प्रतिनिधिसभा लगायत अधिकांश प्रदेशमा वाम गठबन्धनले स्पष्ट बहुमत पाएको थियो भने मधेस प्रदेशमा मधेसी दलहरूको गठबन्धनले बहुमत पाएको थियो। सरकार गठन हुँदा संघमा वामपन्थी गठबन्धनलाई कुनै दलको साथ चाहिएको थिएन तर ससफोले नाम मात्रको एउटा सहमति गरेर उपेन्द्र यादवलाई सरकारमा पठाएको थियो। मधेस प्रदेशमा मधेसी गठबन्धन (ससफो र राजपा) को सरकार बनेको थियो। ससफोका लालबाबु राउत मुख्यमन्त्री, विजय यादव अर्थमन्त्री बनेका थिए भने राजपाका जितेन्द्र सोनल भौतिक पूर्वाधार मन्त्री थिए। नेपाली राजनीतिको त्यस खण्डमा विभिन्न दलहरूबीच एकीकरण र विभाजनको दौड चलेको थियो। संघमा दुई दुई पटक संसद विघटनको प्रयास भएको थियो।

काठमाडौंमा एमाले र माओवादीबीच सुरूमा एकीकरण र त्यसपछि विभाजन भएको थियो। त्यस्तै मधेसमा पनि उपेन्द्र यादव र महन्थ ठाकुर लगायत राजपाका नेताहरू एक ठाउँमा जम्मा भएका थिए। पार्टीको नाम जनता समाजवादी पार्टी (जसपा) राखिएको थियो। तर त्यो एकीकरण धेरै दिन टिकेन। यता वामपन्थी दलमा प्रचण्ड र ओलीबीच विभाजन हुनासाथ उता जसपामा पनि उपेन्द्र र महन्थबीच विभाजन भयो। काठमाडौंको राजनीतिमा यस्तो मोड सिर्जना भयो कि उपेन्द्र एकातर्फ र महन्थ तथा राजेन्द्र महतोहरू विपरीत ध्रुवमा उभिन पुगे। त्यसको प्रभाव मधेस प्रदेशको सरकारमा परेको थियो। महन्थ ठाकुर पक्षीय जितेन्द्र सोनलले सरकारबाट बाहिरिनुपऱ्यो। कांग्रेस र माओवादीले लालबाबु राउतको सरकारलाई साथ दिए। कांग्रेसका रामसरोज यादव भौतिक पूर्वाधार मन्त्री बने। अर्थ मन्त्रालयको जिम्मा जसपाकै अर्का नेता शैलेन्द्र साहले पाए।

दोस्रो पटकको आम निर्वाचन २०७९ सालमा सम्पन्न भएपछि प्रतिनिधिसभा र प्रदेशसभा भित्रका समीकरण फेरिए। संघ र मधेस प्रदेशमा एकै प्रकारको समीकरण बन्यो, एमाले, माओवादी र जसपा।

**–बाँकी तीन पेजमा**

## मधेसमा सत्ता....

संघमा माओवादी (प्रचण्ड) नेतृत्वमा सरकार बन्यो भने मधेस प्रदेशमा जसपाको नेतृत्वमा। सरोज यादव ( बारा) मुख्यमन्त्री थिए भने एमालेका सरोज यादव (महोत्तरी) भौतिक पूर्वाधार मन्त्री थिए। अर्थ मन्त्रालय फेरि पनि जसपाकै भागमा थियो, संजय यादव अर्थमन्त्री थिए। समयले फेरि कोल्टे फेर्‍यो। काठमाडौंमा सत्ता समीकरणमा उकुसमुकुस सुरू मात्रै भएको थियो। ओली र प्रचण्डले एकसाथ मिलेर उपेन्द्र यादवको जसपालाई फुटाइदिए।

उनीहरूको आक्रोश थियो– उपेन्द्रले प्रधानमन्त्री ताक्यो रे ! केन्द्रको राजनीतिमा उपेन्द्रले फेरि कोल्टे फेरे। माओवादी र एमालेको साथ छोडेर कांग्रेसतिर लागे। ठिक त्यही बेला काठमाडौंको सत्तामा अर्कै खेल भयो। भुटानी शरणार्थी काण्डको छानबिन क्लाइमेक्समा पुग्दै थियो। अचानक एक दिन देउवा दम्पतीको ओली निवासमा सवारी भयो। दही–चिउराको जलपानपछि संघीय सरकारबाट प्रचण्डको बहिर्गमन तय भयो। सिंहदरबारमा ओलीको आगमनबाट जनकपुरको मधेस भवनमा नयाँ तरंग पैदा हुनु स्वाभाविक थियो। प्रदेश सरकारबाट एमालेको बहिर्गमन भयो। सरोज यादव ( महोत्तरी) को ठाउँमा कांग्रेसका कृष्ण यादवले भौतिक पूर्वाधार मन्त्रालय सम्हाले। मुख्यमन्त्री र अर्थमन्त्रीमा जसपाले पुरानै अनुहारलाई निरन्तरता दियो।

काठमाडौंको राजनीतिमा एमाले र जसपाबीचको सम्बन्ध बिग्रिँदै गएपछि ओलीले मधेसमा जसपा सरकार हटाउने तयारी थाले। जसपाको विकल्पमा जनमतलाई मुख्यमन्त्रीको प्रस्ताव गरियो। प्रदेशसभामा सबभन्दा ठूलो दल रहेको एमालेले जनमतलाई मुख्यमन्त्रीको प्रस्ताव गर्नु आफैमा अस्वाभाविक थियो। एमाले, जनमत, माओवादी लगायत दलहरूको गठबन्धन बन्यो। जनमतबाट सतिश सिंह मुख्यमन्त्री बने। एमालेले सरोज यादव ( महोत्तरी) लाई पुनः भौतिक पूर्वाधार मन्त्री बनायो भने माओवादीबाट भरत साह अर्थमन्त्री बने।

काठमाडौं र जनकपुरको सत्ता समीकरणमा एकरूपता थिएन। काठमाडौंमा कांग्रेस–एमालेको गठबन्धन र मधेस प्रदेशमा एमाले–माओवादी एउटै गठबन्धनमा रहँदा कताकता असजिलो महसुस भइरहेको थियो। माओवादी सरकारबाट निस्कियो र कांग्रेसले अर्थ मन्त्रालयसहित प्रवेश पायो। कांग्रेसबाट सुनिल यादव अर्थमन्त्री बने। जनकपुरमा बनाइएको त्यो समीकरणको मूल उद्देश्य मधेस प्रदेशमा जसपाको विकल्पमा जनमतलाई उभ्याउनु थियो। मन्त्री मात्र पाउनुपर्ने बेलामा मुख्यमन्त्रीकै अफर पाएपछि सुरूमा जनमत हौसियो। तर भौतिक पूर्वाधार र अर्थमध्ये कुनै पनि मन्त्रालय नपाएपछि केही दिनमै मुख्यमन्त्री सतिश सिंह र जनमतका नेतृत्व पंक्ति बिरक्तिन थाले।

जनमत पार्टी र मुख्यमन्त्री दुवैलाई एउटा बहाना चाहिएको थियो। यसैबीच जेनजी आन्दोलन भयो। मुख्यमन्त्रीले फेसबुकमार्फत राजीनामा घोषणा गरेर जेनजी आन्दोलनबाट लोकप्रियताको लोभ गरेको देखियो। तर पछि गएर कुरा फेरे। एमालेले जनमत पार्टीभित्र खेल्न खोज्यो। जनमतको विभाजनमा एमालेले मलजल गर्न थालेको चर्चा चल्यो। जनमत नेतृत्व सतर्क भयो। बरू मुख्यमन्त्री छोड्ने तर एमालेको साथ नरहने रणनीतिमा जनमत गयो। एमाले र कांग्रेससँग हस्ताक्षर गरिसकेका जनमतका संसदीय दलका नेता महेश यादवले अचानक कोल्टे फेरे। जसपा र लोसपाको रणनीति अनुसारको छ दलको गठबन्धनमा जनमत पनि मिसियो। परिणाम स्वरूप लोसपाका जितेन्द्र सोनल मुख्यमन्त्री बने।

विश्वासको मत पाउनेमा सोनल ढुक्क थिए तर अप्रत्याशित रूपमा माओवादी केन्द्रका दुई जना सांसदले मत नदिने भन्न थाले। उनीहरूको भनाइ मान्ने हो भने माओवादी पार्टीभित्रको आन्तरिक विवादका कारण उनीहरूले विद्रोह गरेका थिए। सोनलले राजीनामा दिएपछि एमालेका सरोज यादव (महोत्तरी) मुख्यमन्त्री बने। सदनमा विश्वासको मत आउने सम्भावना नदेखेपछि उनले पनि राजीनामा दिनुपर्‍यो। एमालेले आफूलाई झुक्क्याएर संविधानको धारा १६८ (३) को प्रयोग गराएर मुख्यमन्त्री बनेको कांग्रेसको बुझाइ रहयो। मुख्यमन्त्रीको नियुक्ति विरूद्ध कांग्रेस पनि अदालत पुगेको थियो , ६ दलको गठबन्धनसँगै। त्यसपछि ६ दलको गठबन्धनमा कांग्रेस पनि मिसिएपछि सात दलको गठबन्धन बन्न पुग्यो।

अन्ततः कांग्रेसका कृष्ण यादव मुख्यमन्त्री बनेका छन्। अरू कसैलाई मन्त्रालय नतोकिने भए पनि जनमत पार्टीका संसदीय दलका नेता महेश यादवले अर्थ मन्त्रालय सम्हालिसकेका छन् भने भौतिक पूर्वाधार मन्त्रालय र सभामुख जसपाको भागमा पर्ने सहमति भएको सुनिन्छ। उल्लिखित सबै सत्ता समीकरणमा, अपवाद बाहेक सबै सरकारमा लोसपा पार्टीको अविच्छिन्न सहभागिता रहँदै आएको छ। लोसपाबाट प्रायः एउटै व्यक्ति मन्त्री बन्दै आएको देखिन्छ। अहिले आएर सो पार्टीका महासचिवले कांग्रेस नेतृत्वको सरकार गठनलाई मधेसी दलका लागि गिज्याउनु ठानेका छन् र कृष्ण यादव नेतृत्वको सरकारलाई विश्वासको मत दिए पनि मन्त्रिमण्डलमा सहभागी नहुन सल्लाह दिन्छन्।

माथि उल्लिखित विवरणबाट स्पष्ट हुन्छ, मधेस प्रदेशमा मुख्यमन्त्री जुन पार्टीको बने पनि सरकारको मुख्य टेको कांग्रेस वा एमालेमध्ये कुनै एक पार्टी रहने गरेको छ। प्रदेशको विद्यमान शक्ति संरचनामा सबभन्दा महत्वपूर्ण मानिने मन्त्रालयहरू (भौतिक पूर्वाधार र अर्थ) मध्ये कहिले दुवै त कहिले एउटा कांग्रेस वा एमालेमध्ये कुनै एक दलले लिएकै हुन्छन्। मुख्यमन्त्री छाडेर यस्ता मन्त्रालय लिनुलाई 'सिन्डिकेट' नदेख्ने एमाले महासचिवको सोच र कांग्रेस वा एमालेमध्ये कुनै एक सरकारको मुख्य टेको बन्दा गिज्याएको महसुस नगर्ने लोसपा महासचिवको सोच निर्वाचनको पूर्वसन्ध्यामा समाजलाई सम्प्रदायिक ध्रुवीकरणतर्फ धकेल्ने प्रयास हो। होइन भने, त्यहाँको वास्तविक सत्ता खेललाई ओझेलमा पार्ने चाहना मात्र हो।

विगत आठ वर्षको सत्ता अभ्यासले प्रमाणित गरेको छ कि मधेस प्रदेशको सत्ता साझेदारी मधेसी वा पहाडी दलको आधारमा होइन, ठूला वा साना दलको आधारमा पनि होइन, कुनै सिन्डिकेट वा एजेन्डाको आधारमा होइन, विशुद्ध रूपमा दुई मन्त्रालय र दुई पदको बाँडफाँटका आधारमा हुँदै आएको रहेछ। प्रारम्भमा उपेन्द्र यादव नेतृत्वको ससफोले मुख्यमन्त्री र अर्थमन्त्री पाउँदा राजपाले सभामुख र भौतिक पूर्वाधार मन्त्रालय पाएको थियो। राजपा हटेपछि मुख्यमन्त्री र अर्थमन्त्री ससफोले नै राख्दा कांग्रेसको भागमा भौतिक पूर्वाधार मन्त्रालय परेको थियो। जसपा र एमालेको गठबन्धन हुँदा मुख्यमन्त्री र अर्थमन्त्री जसपाले लिएको थियो भने सभामुख र भौतिक पूर्वाधार मन्त्रालय एमालेले। एमाले हटेपछि भौतिक पूर्वाधार मन्त्रालय कांग्रेसले लिएको थियो।

जनमत, एमाले र कांग्रेसको गठबन्धन बन्दा भौतिक पूर्वाधार मन्त्रालय अविच्छिन्न रूपमा एमालेले लिँदा अधिकांश समय अर्थ मन्त्रालय कांग्रेसको जिम्मामा परेको थियो। यसरी हेर्दा सत्ता बाँडफाँटमा कुनै सामुदायिक वा सम्प्रदायिक पक्षभन्दा राज्यका स्रोतसाधनको हिसाबले भागबन्डा हुँदै आएको देखिन्छ। यी तथ्य हेर्दा, जनमत पार्टीका सतिश सिंह मुख्यमन्त्री त भएका थिए, तर न त अर्थ मन्त्रालय उनको पार्टीले पाएको थियो न त भौतिक पूर्वाधार मन्त्रालय नै। दुईमध्ये कुनै एक मन्त्रालय मुख्यमन्त्रीको पार्टीको हातमा नहुँदा विभिन्न कारणले ती मुख्यमन्त्री र उनको पार्टीमा असन्तुष्टि बढ्दै गएको देखिन्छ।

**खास मन्त्रालयका खास कुरा**

भौतिक पूर्वाधार मन्त्रालयको बजेटको आकार नै यसको सबभन्दा ठूलो शक्ति हो। प्रदेशमा अन्य मन्त्रालयको बजेट ४–५ अर्ब रूपैयाँ हाराहारी हुँदा भौतिक पूर्वाधार मन्त्रालय एक्लैको बजेट करिब १५ अर्ब रूपैयाँ हाराहारी हुने गर्छ। यो कुरा प्रदेशमा मात्रै लागू हुने होइन, संघीय सरकारमा पनि यही अभ्यास छ। जहाँ सबभन्दा बढी बजेट हुन्छ, त्यहीं सबभन्दा बढी ठेक्कापट्टा लाग्छ। निर्माण सामग्री खरिद हुन्छ। कर्मचारी सरूवामा चलखेल हुन्छ। विभिन्न कामसँग जोडिएको आर्थिक कारोबार पनि त्यहीं बढी हुन्छ। प्रदेश सरकारमा कार्यरत कर्मचारीहरूका अनुसार यो मन्त्रालय बजेट ठूलो भएर मात्रै महत्त्वपूर्ण भएको होइन, यसका अरू राजनीतिक पक्ष पनि छन्।

यस मन्त्रालयबाट विभिन्न आकारका बजेट वितरण गर्ने, योजना स्वीकृत र कार्यान्वयन गर्ने भएकाले ठूलो संख्यामा कार्यकर्ता परिचालन गर्न सकिन्छ। पार्टीभित्र र बाहिरका विभिन्न तहका नेताहरूलाई खुसी पार्न सकिने क्षमता भौतिक पूर्वाधार मन्त्रीसँग हुन्छ। त्यसैले सत्ता समीकरणमा सबै दलको पहिलो प्राथमिकतामा यो मन्त्रालय पर्ने गरेको छ। दोस्रो कारणः जो नेता भौतिक पूर्वाधार मन्त्री बन्छन्, सामान्यतया उनी भावी मुख्यमन्त्रीका दावेदार हुन्छन्। मधेस प्रदेशमा अहिलेसम्म जम्मा चार जना भौतिक पूर्वाधार मन्त्री भएका छन्, जसमध्ये तीन जना मुख्यमन्त्री भइसकेका छन्, जितेन्द्र सोनल, सरोज यादव ( महोत्तरी) र कृष्ण यादव।

पूर्वभौतिक पूर्वाधार मन्त्री रामसरोज यादव कांग्रेसको संसदीय दलको नेतामा पराजित भएकै कारण अहिले मुख्यमन्त्री बन्न नसकेका हुन्। मधेस प्रदेशमा एक पटक एमालेले बरू मुख्यमन्त्री छाड्ने तर भौतिक पूर्वाधार मन्त्रालय नछाड्ने रणनीति अपनाएको थियो। एमाले, कांग्रेस र जनमत पार्टीबीच गठबन्धन बनेका बेला सबभन्दा ठूलो दल एमाले भएकाले मुख्यमन्त्री लिनुपर्ने भन्दै केही नेता–कार्यकर्ताले सर्त राख्दा केन्द्रीय नेतृत्व तहबाटै भनिएको थियो, मुख्यमन्त्री लिँदा भौतिक र अर्थ दुवै मन्त्रालय छाड्नुपर्छ।

त्यसैले भौतिक पूर्वाधार मन्त्रालय एमालेले लिने र मुख्यमन्त्री जनमतलाई दिने रणनीति अपनाइएको थियो। प्रदेशका धेरै नेताहरूका अनुसार त्यस बेलाको मुख्य रणनीति जसपालाई सरकारबाट विस्थापित गरेर जनमतलाई ल्याएर मधेसमा जसपालाई काउन्टर दिनु थियो। त्यसैले जानीजानी मधेसमा मधेसी दलकै मुख्यमन्त्री हुँदा राम्रो हुने भन्दै एमालेले नै न्यारेटिभ बनाएको थियो। त्यही रणनीति अन्तर्गत १३ सिट भएको जनमत पार्टीका तर्फबाट सतिश सिंह मुख्यमन्त्री बनेका थिए। अहिले आएर एमाले महासचिवले मधेसी दलहरूको सिन्डिकेट भत्किएको भन्छन् तर तथ्य त्यसको विपरीत देखिन्छ। मुख्यमन्त्री जनमतलाई दिएर सबैभन्दा स्रोतसाधन भएको मन्त्रालय लिएर एमालेले बरू अर्को खालको सिन्डिकेट बनाएको थियो।

अब अर्थ मन्त्रालयको कुरा। यो मन्त्रालयको बजेट खासै ठूलो हुँदैन, विशेषगरी भौतिक पूर्वाधार मन्त्रालयजस्तो त हुँदैन। तर पनि सत्ता बाँडफाँटमा यसले महत्त्वपूर्ण भूमिका खेल्छ। कारण, यो मन्त्रालयसँग बजेट विनियोजन गर्ने, निकासा दिने, अनुगमन गर्ने, रकम स्थानान्तरण गर्ने र चाहेको खण्डमा निकासा रोक्न सक्ने अधिकार हुन्छ। त्यस बाहेक विभिन्न शीर्षकमा ठूलो मात्रामा अबण्डा बजेट राखेर मुख्यमन्त्रीसँग तालमेल गरी अनुकूल मन्त्रालय, विभाग वा मुख्यमन्त्री कार्यालय मार्फत खर्च गर्ने व्यवस्था मिलाउन सक्ने हैसियत पनि अर्थ मन्त्रालयसँग हुन्छ।

अर्थमन्त्री को बन्ने भन्ने विषयमा मुख्यमन्त्रीको विशेष चासो हुन्छ। किनभने सामान्यतया मुख्यमन्त्रीसँग आफैले प्रत्यक्ष परिचालन गर्ने बजेट हुँदैन। तर कार्यकर्ताको दबाब धेरै हुन्छ। त्यसैले अनुकूल व्यक्ति अर्थमन्त्री नबने मुख्यमन्त्रीले आफूलाई विवश, स्रोतसाधन विहीन र शक्तिहीन महसुस गर्छ। यस मामिलामा मधेस प्रदेशमा जसपा पार्टी निकै 'स्मार्ट' देखिएको छ। त्यस पार्टीका दुई जना मुख्यमन्त्री बनेका छन् र दुवै पटक पूरै कार्यकाल जसपाकै अर्थमन्त्री भए। सम्भवतः जनमत पार्टीले यही कुरा बुझेर आफ्नो पार्टीका मुख्यमन्त्री हटाएर अर्थ मन्त्रालय लिएको हुन सक्छ।

कहिलेकाहीँ अर्थमन्त्री र मुख्यमन्त्रीबीच खटपट भए पूरै सरकारको काम प्रभावित हुन्छ। अर्थमन्त्रीले मुख्यमन्त्रीलाई नजरअन्दाज गर्दा वा नटेर्दा मुख्यमन्त्रीले मन्त्रिपरिषद मार्फत विभिन्न कार्यविधि बनाएर वा संशोधन गरेर अर्थमन्त्रीको अधिकार कटौती गर्ने अवस्था पनि देखिन्छ। त्यसले द्वन्द्व भनै बढाउँछ।

जसपाका लालबाबु राउत मुख्यमन्त्री र विजय यादव अर्थमन्त्री हुँदा त्यस्तै अवस्था देखिएको थियो। त्यसैले सत्ता साझेदारीमा अर्थ मन्त्रालय पनि उत्तिकै महत्वपूर्ण मानिन्छ। अन्त्यमा, सत्ता समीकरणको यो आर्थिक–राजनीतिक पाटोलाई ओझेलमा राखेर साम्प्रदायिक ध्रुवीकरणको जबर्जस्ती प्रयास गर्नु न पार्टीका लागि हितकर हुन्छ, न समाज र राजनीतिका लागि। बरू महत्त्वपूर्ण मन्त्रालयलाई मात्र केन्द्रमा राखेर सत्ता बाँडफाँट गर्नुभन्दा ओझेलमा परेका मधेसका सामाजिक रूपान्तरणका एजेन्डालाई केन्द्रमा राखेर सत्ता खेल्दा सबैको हित हुने देखिन्छ। सेतोपाटीबाट

## उम्मेदवार...

सभाका लागि चार गरी २७ जनाको नाम सिफारिश गरिएको जिल्ला सचिव यादवले जानकारी दिए।

**को को परे सिफारिसमा ?**

जिल्ला सचिव यादवका अनुसार २५ मंसिरमा बसेको जिल्ला समितिको बैठकको निर्णयबमोजिम सिरहा क्षेत्र नं. १ का लागि प्रत्यक्षतर्फ पदमनारायण चौधरी र संजयकुमार यादव, २ का लागि एक्ला उम्मेदवार रामचन्द्र यादव, ३ बाट रामबाबु यादव र मधुसुदन यादव तथा ४ नं. बाट मञ्जु खाँड, डा. गणेश मण्डल तथा मो. मुख्तार अहमदको नाम सिफारिस गरिएको छ।

त्यस्तै, समानुपातिकतर्फ क्षेत्र नं. १ बाट उषाकुमारी राउत, प्रमेश्वर साह, शर्मिला पोखरेल, २ नं. बाट चित्रलेखा यादव, ३ नं. बाट उपेन्द्रकुमार यादव, कौशल मण्डल, अरुण सदाय, कुसुमकुमारी यादव, दिनेशकुमार साहको नाम रिफारिश गरिएको छ। त्यस्तै, ४ नं. क्षेत्रबाट अरुणकुमार सिंह, रमेश न्यौपाने, रामएकवाल यादव, रामकृष्ण पोखरेल, नागेश्वर भुडेर, अरहुलिया मुखिया तथा राष्ट्रिय सभाका लागि सूर्यनारायण यादव, वसन्ती सदाय, अमियकुमार यादव, मो. इफारुल हकको नाम सिफारिस गरिएको छ।

जिल्ला कार्यसमितिमा ३ नं. क्षेत्रबाट नाम नै नआएको र उपसभापतिको अध्यक्षतामा बसेको बैठकले निर्णय गरेर पठाएको सूची अनुमोदन गरिएको उनको दाबी छ। तर, ३ नं. क्षेत्रीय सभापति यादवले आफूलाई बैठकको विषयमा कुनै जानकारी नै नगराएको दाबी गरे।

**क्षेत्रको सिफारिसमा प्रतिशोध भएको गुनासो**

केन्द्रीय कार्यसमितिको परिपत्रअनुसार प्रत्यक्षतर्फ एक महिला अनिवार्यसहित तीनजना र समानुपातिकतर्फ एक महिलासहित दुईजनाको नाम सिफारिस गर्नुपर्ने जनाइएको छ। जिल्ला कार्यसमितिले क्षेत्रीय समितिले पठाएका नामावली अनुमोदन गरी प्रदेश र केन्द्रमा पठाएको भनिए पनि प्रतिशोधको कारणले क्षेत्रको सिफारिसलाई लत्याइएको असन्तुष्टहरूले गुनासो गरेका छन्।

३ नं. क्षेत्रीय सभापति संजयप्रकाश यादवले केन्द्रीय परिपत्रअनुसार १९ मंसिरको क्षेत्रीय कार्यसमितिको बैठकले प्रत्यक्षतर्फ सीतादेवी यादव र समानुपातिकतर्फ अमर रेग्मी, जीवछ गुप्ता र जगतारैन कामतीको नाम टुंग्याएर २४ मंसिरमा जिल्ला, प्रदेश र केन्द्रलाई सिफाशि गरिएको बताए। 'क्षेत्रीय कार्यसमितिले गरेको सिफारिश लत्याएर जिल्लाले उपसभापतिको अध्यक्षतामा अर्को बैठक गराई नामावली लिएको छ,' उनले भने।

त्यस्तै, १ नं. क्षेत्रीय कार्यसमितिले २० मंसिरमा गरेको बैठकबाट प्रत्यक्षतर्फ रामसुन्दर चौधरी र पदमनारायण चौधरी तथा समानुपातिकतर्फ उषाकुमारी राउत, सूर्यनारायण यादव, प्रमेश्वर साह, श्रीचन पासमान र शर्मिला पोखरेलको नाम सर्वसम्मत सिफारिश गरेको बैठकको माइन्युटमा उल्लेख छ। जिल्लाले भने प्रत्यक्षतर्फ १ नं. मा सिफारिश भएका रामसुन्दरको नाम कटाएर लहान नगरसभापति संजयकुमार यादवको नाम सिफारिश गरेको असन्तुष्टहरुको आरोप छ।

२०७८ फागुनमा सम्पन्न सिरहा कांग्रेसमा १४औं जिल्ला अधिवेशनमा संस्थापन पक्षले धाँधली गरेर नेतृत्व हत्याएको भन्दै सामानान्तर समिति नै घोषणा गरिएको थियो। त्यतिबेला सामानान्तर समितिमा रहेकाहरुमध्ये क्षेत्रीय कार्यसमितिले सिफारिश गरेको भए पनि प्रतिशोधपूर्ण ढंगले जिल्लाले नाम काटेको आरोप छ।

## प्रथम गोलबजार ...

म्याचको पुरस्कार बिजय टोलीका लागि एक्लैले ५ गोल गरेका जर्सी १७ का प्रिन्स श्रेष्ठले जित्यो।

भोलिको खेल सरस्वती मावि तेतरिया र जनता मावि डण्डा बिच दिउँसो २:०० बजेबाट हुने जानकारी आयोजक समितिका राजीव आलेले जानकारी दिए। गोलबजार नगरपालिका मुख्य सहयोगमा मंसिर २५ गतेबाट संचालित प्रतियोगिताको फाइनल खेल ५ गते हुने छ।

# सर्लाहीक दुवै इलाका प्रशासन नायब सुब्बाको भरमा




**जनार्जन खत्री**

सर्लाही, २८ मंसिर। सर्लाहीका दुईवटै इलाका प्रशासन कार्यालय नायब सुब्बाको भरमा सञ्चालन भइरहेका छन्। यि दुवै कार्यालयमा शाखा अधिकृत कार्यालय प्रमुख रहने गरी दरबन्दी छ। शाखा अधिकृत राजकुमार थापाको अनिवार्य अवकाशपछि तत्काल अधिकृतस्तरका कार्यालय प्रमुख नपठाइँदा इलाका प्रशासन कार्यालय हरिवनमा मङ्सिर १ गतेदेखि नायब सुब्बा मनोज मिश्रले कायममुकायम कार्यालय प्रमुखको जिम्मेवारीमा काम गरिरहनुभएको छ ।

कारागार कार्यालय राजविराज सप्तरीमा निमित्त जेलरको रुपमा कार्यरत मिश्रलाई मन्त्रालयले मङ्सिर १ गतेदेखि इलाका प्रशासन कार्यालय हरिवनको जिम्मेवारी दिएर पठाएको हो। नायब सुब्बा मिश्रलाई कायममुकायम तोकेर पठाउनुअघि केही साता कारागार कार्यालय मलङ्गवाका जेलरसमेत रहनुभएका शाखा अधिकृत विशाल चौधरीले इलाका प्रशासन कार्यालयको जिम्मेवारी सम्हाल्नुभएको थियो।

कार्यालयमा नागरिकता, राष्ट्रिय परिचयपत्रसहितका सेवा लिन दैनिक १०० जनाको हाराहारीमा सेवाग्राही आउने गरेका छन्। अझ इलाका प्रशासन कार्यालय बरहथवा त झन नायब सुब्बाकै भरमा सञ्चालन भएको तीन वर्षभन्दा बढी भइसकेको छ। शाखा अधिकृत रामनरेश राम सरुवा भएर गएदेखि इलाका प्रशासन कार्यालय बरहथवा लामो समयदेखि नायब सुब्बा राजेश यादवको भरमा सञ्चालन भइरहेको हो। इलाका प्रशासन कार्यालय बरहथवामा नागरिकता र राष्ट्रिय परिचयपत्रसहितका सेवा लिन दैनिक ५० भन्दा बढी सेवाग्राही आउने गरेका छन्।

सर्लाहीमा अहिले जिल्ला प्रशासन कार्यालयसमेत सहायक प्रमुख जिल्ला अधिकारीविहीन छ। दरबन्दीअनुसार शाखा अधिकृतहरु नरहेका र त्यसैमा सहायक प्रमुख जिल्ला अधिकारीसमेत नहुँदा प्रमुख जिल्ला अधिकारीमाथि कार्यभार थपिने गरेको छ। प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले आइतबारसम्म सहायक प्रमुख जिल्ला अधिकारीको टुङ्गो लाग्ने जानकारी पाएको बताउनुभयो। “इलाका प्रशासन कार्यालयमा कम्तीमा छ महिनासम्म कायममुकाम जिम्मेवारी दिन सक्ने व्यवस्था नै छ,” सिडिओ कडरियाले भन्नुभयो, “नयाँ शाखा अधिकृतहरु पनि चाँडै पठाइन्छ होला तर सहायक सिडिओचाँही आइतबारसम्म टुङ्गो लाग्नु पर्ने हो।”

# मधेसका मुख्यमन्त्रीले एमाले महाधिवेशनपछि मात्रै विश्वासको मत लिने



जनकपुरधाम, २८ मंसिर। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भएको छ। शपथ ग्रहणका क्रममा लगत्तै विश्वासको मत लिएर मन्त्रिपरिषद् विस्तार गर्ने बताएका मुख्यमन्त्री यादवले अझै त्यससम्बन्धी आवश्यक होमवर्क पूरा गर्न सकेका छैनन्। एक सांसदले बताए अनुसार अब एमालेको जारी ११औं महाधिवेशनपछि मात्रै मन्त्रिपरिषद् विस्तार र मुख्यमन्त्रीले विश्वासको मत लिने प्रक्रिया अघि बढ्नेछ।

हामी मन्त्रालय बाँडफाँडसहितको होमवर्क आजसम्ममा सक्ने तयारीमा छौँ। ती सांसदले राटोपाटीसँग भने एमालेको महाधिवेशनपछि नै मन्त्रिपरिषद् विस्तार र विश्वासको मतको कार्यक्रम अघि बढ्छ। मुख्यमन्त्री यादव मंसिर २३ गते कांग्रेसका शीर्ष नेताहरूसँग भेट गर्न काठमाडौँ पुगेका थिए। उनले मंसिर २४ गते सत्ता गठबन्धनमा रहेका सात दलको बैठक बोलाएका थिए। तर, उनी स्वयं जनकपुर नफर्किएपछि बैठक स्थगित भयो। त्यसयता सात दलीय बैठक बस्न सकेको छैन।

कांग्रेसका मधेस प्रदेश संसदीय दलका नेता यादव मंसिर १९ गते एमालेबाहेकको सात दलीय गठबन्धनबाट मुख्यमन्त्री नियुक्त भएका हुन्। उनले मंसिर २१ गते तीन सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए। भौतिक पूर्वाधार मन्त्रालयमा जसपा र माओवादी केन्द्र दुवैले दाबी गरेपछि सहमति हुन नसकेको बताइएको छ। यसैबिच सत्तारुढ दलहरूबिच मधेस प्रदेश सभाको सभामुख चयनमा पनि सहमति हुन बाँकी छ।

# वीरगञ्ज महानगरले बिपी उद्यान अतिक्रमण गरेर व्यवसाय गर्नेलाई हटायो



वीरगञ्ज, २८ मंसिर। वीरगञ्ज महानगरपालिकाले घण्टाघर चोकसँगै रहेको बिपी उद्यान अतिक्रमण गरेर अस्थायी रूपमा सञ्चालन हुँदै आएका पसल हटाएको छ। मुख्य सहरमा रहेका फलफूल, तरकारी तथा अन्य पसल हटाएर उद्यानलाई थप व्यवस्थित गर्न लागेको महानगर प्रमुख राजेशमान सिंहले बताउनुभयो ।

उहाँले घण्टाघरसँगै रहेको उद्यानको फलफूल, तरकारी तथा अन्य अस्थायी पसल राखेर अव्यवस्थित भएकाले तिनलाई हटाएर पार्क निर्माण गर्न लागिएको बताउनुभयो। “अव्यवस्थित बजारलाई आज बिहान एक्जाभेटर लगाएर हटाउने काम गरेका छौं। यहाँ व्यापार गर्दै आएकाहरूले सरसमान हटाउने काम गरिरहेका छन्”, महानगर प्रमुख सिंहले भन्नुभयो।

यहाँ अस्थायी घरटहरा, तरकारी, फलफूल तथा कपडा पसल र विभिन्न खानाका स्टल गरी करिब दुई सय ५० भन्दा बढीले व्यापार गरिरहेका थिए। महानगर प्रमुख सिंहले अब करिब ७० करोड रकम खर्चेर सुन्दर र हरियाली पार्क बनाउने योजना अघि बढाउने बताउनुभयो। यहाँबाट हटाइएकाहरूका लागि छपकैयास्थित रेल्वे सडकमा आवश्यक संरचना तयार गरिएको उहाँले जानकारी दिनुभयो।

आइतबार बिहानैदेखि नगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरीको बाक्लो उपस्थितिमा बजार खाली गराइएको हो।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)